**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-३, संख्या-१२, मिति-२०७७/०३/१४**

**भाग-१**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिका
## आर्थिक ऐन २०७७

### मोदी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** मोदी गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मोदी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७७” रहेको छ ।

२. यो ऐन २०७७ साल श्रावण १ गतेदेखि मोदी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

३. सम्पत्ती करः गाउँपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम सम्पत्ती कर लागाउने र असुल उपर गरिने छ ।

४. भूमि कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

५. व्यवसाय कर: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. विज्ञापन कर: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (३) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. मनोरञ्जन कर: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. व्यवसायिक भिडियो कर: गाउँपालिका क्षेत्रभित्र कसैले व्यवसायिक रुपमा भिडियो निर्माण गरेमा अनुसूची (५) मा उल्लेख भए अनुसारको व्यवसायिक भिडियो कर लगाइने छ ।

९. मूल्यांकन सेवा शुल्क: सम्पत्ति मूल्यांकन तथा आयश्रोत प्रमाणितमा अनुसूची (६) बमोजिमको सेवा शुल्क लगाईनेछ । पहिलो पटक मुल्यांकन गर्दा अनुसूची (६) अनुसार मुल्यांकन शुल्क लाग्ने र सोही आ.व.मा सोहि व्यक्तिबाट सोहि विवरण बमोजिम उल्लेखित मुल्यांकन पुन: प्रमाणितको सिफारिस माग भई आएमा पहिलो पटक मुल्यांकन गर्दा शुल्कमा लागेको सेवा शुल्कको २५%, दोश्रो पटक ५५%, तेश्रो पटक ७५% र चौथो पटक १००% सेवा शुल्क लाग्ने छ । सम्पति मुल्याकंन तथा आयश्रोत प्रमाणित शुल्क लिइसकेपछि थप सिफारिस दस्तुर लाग्ने छैन ।

१०. सेवा शुल्क, दस्तुर: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने छ ।

११. नक्सापास दस्तुर : यस गाउँपालिका क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरुको लागि अनुसूची (८) बमोजिमको नक्सापास दस्तुर लगाइने छ ।

१२. घर बहाल कर : गाउँपालिकाले घरधनीबाट अनुसुचि ९ मा उल्लेख भएबमोजिम घर बहाल कर असुल उपर गरिनेछ ।

१३. "घ" वर्गको इजाजत पत्र: "घ" वर्गको इजाजत पत्र दर्ता शुल्क र नबिकरण शुल्क कार्य विधिमा तोकिए बमोजिम हुनेछ ।

१४. कर छुट: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूची १
## सम्पत्ति तथा मालपोत कर

यस गाउँपालिका क्षेत्रमा रहेको जग्गाको मोदी गाउँपालिकाको मूल्याङकनको आधारमा तपशिलको मूल्य पर्ने जग्गा तथा सम्पतिको तपशिल अनुसार मालपोत तथा सम्पति कर लिने निर्णय गरियो ।

| सि.नं. | जग्गाको मूल्य | कर |
|---|---|---|
| १ | रु १।- देखी रु ५०००००।- | २५।- |
| २ | रु ५००००१।- देखी रु १००००००।- | ५०।- |
| ३ | रु १००००००१।- देखी रु १५०००००।- | ७५।- |
| ४ | रु १५००००१।- देखी रु २००००००।- | १००।- |
| ५ | रु २००००००१।- देखी रु २५०००००।- | १२५।- |
| ६ | रु २५००००१।- देखी रु ३००००००।- | १५०।- |
| ७ | रु ३००००००१।- देखी रु ३५०००००।- | १७५।- |
| ८ | रु ३५००००१।- देखी रु ४००००००।- | २००।- |
| ९ | रु ४००००००१।- देखी रु ४५०००००।- | २५०।- |
| १० | रु ४५००००१।- देखी रु ५००००००।- | ३००।- |
| ११ | रु ५००००००१।- देखी रु ५५०००००।- | ३५०।- |
| १२ | रु ५५००००१।- देखी रु ६००००००।- | ४००।- |
| १३ | रु ६००००००१।- देखी रु ६५०००००।- | ४५०।- |
| १४ | रु ६५००००१।- देखी रु ७००००००।- | ५००।- |
| १५ | रु ७००००००१।- देखी रु ७५०००००।- | ५५०।- |
| १६ | रु ७५००००१।- देखी रु ८००००००।- | ६००।- |
| १७ | रु ८००००००१।- देखी रु ८५०००००।- | ६५०।- |
| १८ | रु ८५००००१।- देखी रु ९००००००।- | ७००।- |
| १९ | रु ९००००००१।- देखी रु ९५०००००।- | ७५०।- |
| २० | रु ९५००००१।- देखी रु १००००००००।- | ८००।- |
| २१ | रु १००००००१।- देखी माथि | प्रति दश लाखमा १००।- |

**नोट : (क) उल्लेखित सम्पतिकर पौष मसान्तभित्र बुझाउनेलाई १० प्रतिशत छुट र आ.ब.नाघेमा लाग्ने शुल्कमा २५ प्रतिशतले थप जरिवाना लिने । सम्पति तथा भुमीकरको मुल्याकंनको आधार कार्यबिधिमा उल्लेख भएबमोजिम हुनेछ ।**

१) गत बिगतको मालपोत बक्यौता बुझदा निम्न आधारमा जरिवाना लिईने छ ।

(क) १ बर्षसम्म बाकी रहेकोमा लाग्ने रकमको थप २० प्रतिशत ।

(ख) २ बर्षसम्म बाकी रहेकोमा लाग्ने रकमको ३० प्रतिशत

(ग) ३ बर्षदेखी ५ बर्षसम्म बाकी रहेकोमा लाग्ने रकमको थप ५० प्रतिशत ।

(घ) ५ बर्षमाथि बाकी रहेकोमा लाग्ने रकमको थप १०० प्रतिशत ।

# अनुसूची २
## व्यवसाय कर

| सि.नं | व्यवसायको नाम तथा किसिम | आ.व. २०७७/७८ को करका दरहरु (रु.) |
|---|---|---|
| १ | व्यापारीक वस्तु | |
| | - ज्वेलरी (गहना पसल) | १५००।- |
| | - डिपार्टमेन्टल स्टोर्स | २०००।- |
| १.१ | सवारी साधन विक्रेता | |
| | - साईकल | ५००।- |
| | - मोटर साईकल, स्कुटर | १०००।- |
| | - ट्र्याक्टर ठुलो | २०००।- |
| | - ट्र्याक्टर पावर ट्रेलर | १०००।- |
| | - चारपांग्रे हलुका सवारीहरु | २०००।- |
| | - वस तथा ट्रक | ३०००।- |
| १.२ | निर्माण सामाग्री कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट पेट्रोलियम पदार्थ | |
| | - हार्ड वयर पसल | २५००।- |
| | - पेट्रोल पम्प | ५०००।- |
| | - कम्पयुटर, बिजुलीका सामान, क्यामेरा, रेडियो, टेलिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल (ठूलो) | १५००।- |
| | - कम्प्यूटर, बिजुलीका सामान,क्यामेरा, रेडियो,टेलिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल (सानो) | ६००।- |
| १.३ | दैनिक उपभोग्य सामान | |
| | - दैनिक उपभोग्य सामानको थोक विक्रेता | १०००।- |
| | - किराना पसल -थोक विक्रेता | १०००।- |
| | - डिलर बिक्रेता -प्रति डिलर | २००।- |
| | - किराना पसल (खुद्रा) | ५००।- |
| | - फलफुल तथा तरकारी पसल | ५००।- |
| | - फेन्सी तथा कपडा पसल | ७५०।- |
| | - कस्मेटिक पसल | ५००।- |
| | -रासायनिक मल विक्रेताको प्रमाणपत्र दस्तुर (सहकारी तथा ब्यक्ति) | १०००। |
| २ | निर्माण व्यवसाय | |
| | गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | |
| | - क वर्ग | २०००।- |
| | - ख वर्ग | १५००।- |
| | - ग वर्ग | १०००।- |
| | - घ वर्ग | ५००।- |
| ३ | उत्पादन मुलक उद्योग | |
| | - ढाका उद्योग | ५००।- |
| | - क्यान्डी उद्योग | ५००।- |
| | - अल्लो उद्योग | ५००।- |
| | - अन्य लघु उद्योग | ५००।- |
| ४ | उर्जामुलक उद्योग | |
| | - हाईड्रो पावर प्रा.लि. ठुलो | १५०००।- |

| | | |
|---|---|---|
| | - लघु जलविद्युत | ५०००।- |
| | -वायु/सौर्यशक्ति/कोइला उद्योग | ५०००।- |
| ५ | कृषि तथा बन जन्य उद्योग | |
| | - कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १५००।- |
| | - कुटानी पिसानी मिल (सेलर मिल) | १०००।- |
| | - फर्निचर उद्योग | २०००।- |
| | - फर्निचर उद्योग सानो सर्कुलर | १०००।- |
| | - पशु दाना उद्योग | १०००।- |
| | - पोल्ट्री फर्म उच्च | १०००।- |
| | - पोल्ट्री फर्म सानो | ५००।- |
| | - बंगुर पालन | २०००।- |
| | - भैंसी पालन व्यवसाय | १०००।- |
| | - गाई पालन व्यवसाय | १०००।- |
| | - वाखा पालन व्यवसाय | १०००।- |
| | -जुस तथा अन्य जुस जन्य पेय पदार्थ | ५००।- |
| ६ | खनिज उद्योग | २०००।- |
| ७ | पर्यटन उद्योग | |
| | - होटल | १०००।- |
| | - अन्य स-साना चिया खाजा तथा खाना पसल | ५००।- |
| | - क्याफे | १०००।- |
| | - सामुदायिक तथा निजीहोमस्टे (घर वास ) दर्ता | १००००।- |
| | - सामुदायिक तथा निजीहोमस्टे (घर वास ) नविकरण | २०००।- |
| | सेवा उद्योग | |
| | - अफसेट प्रेस | १५००।- |
| | - लेटर प्रेस | १५००।- |
| | - सार्वजनिक परिवहन सेवा (यस क्षेत्र भित्र प्रधान कार्यालय भएको) | १०००।- |
| | - सा. परिवहन सेवा यस क्षेत्र भित्र शाखा का. भएको | १०००।- |
| | - फोटोग्राफी भिडियोग्राफी फोटोस्टुडियो | १०००।- |
| | - प्रयोग शाला | १०००।- |
| | - चावी निर्माण | १०००।- |
| | निर्माण उद्योग | |
| | - सिमेन्ट ब्लक उद्योग | १०००।- |
| | - मेटल/ग्रिल उद्योग | १०००।- |
| | - इट्टा व्यवसाय | १५००।- |
| | - अन्य उद्योग | १०००।- |
| ८ | संचार सेवा | |
| | - निजी मोवाईल सेवा केन्द्र | २०००।- |
| | - निजी टेलिफोन तथा फ्याक्ससेवा | ५००।- |
| | - फ्याक्स फोटोकपी तथा प्रिण्टर सेवा | ५००।- |
| | - मोवाइल फोन विक्री मर्मत | ५००।- |
| | - एस.टि.डी, आइ. एस.टि.डी, इमेल | ५००।- |
| | - कुरियर सेवा | ५००।- |
| | - साईवर सेवा | ५००।- |
| | - Screen Print छपाई तथा प्रकाशन | ५००।- |

## वित्तीय तथा सामाजिक क्षेत्र

| | | |
|---|---|---|
| १ | वित्तिय सेवा | |
| | - आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनिको मुख्य कार्यालय | २०००।- |
| | - वित्तिय कम्पनिको शाखा कार्यालय | १०००।- |
| | - विमा कम्पनि | १०००।- |
| | - विदेशी मुद्रा सटही | ५००।- |
| | - मनी ट्रान्सफर | १०००।- |
| | - धितो पत्र कारोवार | १०००।- |
| | - सहकारी वैंक | १०००।- |
| | - निजि क्षेत्रका वाणिज्य बैंकहरु शाखा समेत | २०००।- |
| | - विकास वैकका शाखा कार्यालयहरु | १५००।- |
| | - विमाकम्पनिका शाखा वा सम्पर्क कार्यालयहरु | १०००।- |
| | - सर्भेयर सेवा केन्द्र | ८००।- |
| २ | स्वास्थ्य सेवा | |
| | - गैह्र सरकारी अस्पताल | २०००।- |
| | - सामुदायिक अस्पताल | १०००।- |
| | - निजीस्तरका अस्पताल तथा रिसर्च प्रा.लि. | २०००।- |
| | - नर्सिङ होम | २०००।- |
| | - ल्याव तथा क्लिनिक | १०००।- |
| | - होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | ५००।- |
| | - औषधी पसल थोक/खुद्रा | १०००।- |
| | - औषधी पसल (आर्युवेदिक) | १०००।- |
| | - औषधी पसल पशु स्वास्थ्य | १०००।- |
| | - पशु पंक्षी दाना पसल | १०००।- |
| | - जडीबुटी पसल | ५००।- |
| | - विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा | |
| | - चिकित्सक | १०००।- |
| | - दन्त चिकित्सक रिसर्च | १०००।- |
| | - पशु चिकित्सक | १०००।- |
| | - कविराज | १०००।- |
| | - ईञ्जिनियर | १०००।- |
| | - कानुन व्यवसायि | १०००।- |
| | - लेखापरिक्षक | |
| | - क वर्ग | १०००।- |
| | - ख वर्ग | १०००।- |
| | - ग वर्ग | ५००।- |
| | - घ वर्ग | ५००।- |
| | - विमा एजेण्ट | ५००।- |
| | - सर्भेयर | ५००।- |
| | - अनुवादक | ५००।- |
| | - नोटरी पव्लिक सेवा | १०००।- |
| | - अनुसन्धान कर्ता तथा परामर्शदाता | ५००।- |
| | - कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | ५००।- |
| | - शेयर दलाल | ५००।- |
| | - सामान ढुवानी कर्ता कम्पनि | ५००।- |

| | | |
|---|---|---|
| | - संस्थागत पेण्टर | ५००।- |
| ४ | शिक्षा सेवा | |
| | निजी क्षेत्रका स्कुल क्याम्पस, विश्व विद्यालय  अनुमति तथा कक्षा थप | |
| | - निजी क्षेत्रका क्याम्पस | २०००।- |
| | - निजी क्षेत्रका मा.वि. स्कुल | २०००।- |
| | - „ „ आधरभुत स्कुल | १०००।- |
| | - निजी क्षेत्रका मन्टेश्वरी | ८००।- |
| | - निजि क्षेत्रका होस्टेलहरुको अनुमति | १०००।- |
| | - तालिम तथा अनुसन्धान केन्द्र अनुमति | ५००।- |
| | - प्राविधिक शिक्षालय कक्षा थप तथा अनुमति | ५००।- |
| | - टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था अनुमति | ५००।- |
| | - टाइपिङ इस्टिच्युट अनुमति | ५००।- |
| | - कम्प्युटर  इस्टिच्युट अनुमति | ५००।- |
| | - ट्युशन तथा कोचिङ सेन्टर  अनुमति | ५००।- |
| | - भाषा प्रशिक्षण केन्द्र  अनुमति | ५००।- |
| | शिक्षक जिल्लान्तर सरुवा/सहमती | |
| | - सरुवा सिफारिस सहमति आधारभूत तह | ५००।- |
| | - सरुवा सिफारिस सहमति मा.वि. तह | १०००।- |
| | - शिक्षकहरुको अभिलेखिकरण आधारभूत तह | ५००।- |
| | - शिक्षकहरुको अभिलेखिकरण मा.वि. तह | १०००।- |
| | - नयाँ विद्यालय अनुमति/कक्षा थप  आधारभूत (सामुदायिक) | ५००।- |
| | - नयाँ विद्यालय अनुमति/कक्षा थप मा.वि. (सामुदायिक) | १०००।- |
| ५ | मर्मत संभार केन्द्र | |
| | - हेभी इक्युवमेन्ट मर्मत  केन्द्र | १०००।- |
| | - बस, ट्रक, कार, जिप | १०००।- |
| | - मोटर साइकल | ५००।- |
| | - साइकल तथा अन्य | ५००।- |
| | - रेडियो, टेलिभिजन, घडी, प्रेसर कुकर, टेलिफोन सेट, हिटर, र  विद्युतिय सामान | |
| | - रेडियो तथा टि.भी. मर्मत केन्द्र | ५००।- |
| | - रेडियो तथा घडी मर्मत केन्द्र | ५००।- |
| | - घडी मर्मत | ५००।- |
| | - प्रेसर कुकर, हिटर, टेलिफोन सेट, सिलाई मेशीन मर्मत | ५००।- |
| | - फोटोकपी कम्प्यूटर मर्मत | ५००।- |
| | - अन्य इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स मर्मत | ५००।- |
| ६ | अन्य सेवा | |
| | - विज्ञापन एजेन्सी | ५००।- |
| | - बैदेशिक रोजगार सेवा | १५००।- |
| | - हाउजिङ कम्पनि तथा घर जग्गा खरिद विक्री (रियलस्टेट) | २०००।- |
| | - ब्युटी पार्लर, केश श्रृगार | ५००।- |
| | - ड्राइ क्लिनर्स | ५००।- |
| | - साइनवोर्ड पेन्टीङ सेवा | ५००।- |
| | - पशु वधशाला | १०००।- |
| | - मासु, माछा पसल फ्रेस हाउस | ८००।- |
| ७ | माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा व्यवसाय तथा कारोवारहरु | |
| | - सिलाई केन्द्र २ भन्दा बढी मेसिन (टेलर्स) | ५००।- |
| | - सिलाई प्रशिक्षण केन्द्र | ५००।- |

| | | |
|---|---|---|
| | - कवाडी | ५००।- |
| | - टेलर्स (कपडा सहितको) | १०००।- |
| | - कपडा जुत्ता पसल | ५००।- |
| | - छाला जुत्ता निर्माण तथा मर्मत केन्द्र | ५००।- |
| | - भांडा पसल | ५००।- |
| | - चुरा पसल टंकीमा राखेको | ५००।- |
| | - काठ तथा स्टिल फर्निचर पसल | १०००।- |
| | - चस्मा पसल | ५००।- |
| | - मेशीनरी पार्ट पुर्जा पसल | १०००।- |
| | - हजाम पसल | ५००।- |
| | - ड्राइभिङ इन्स्टीच्युट | १०००।- |
| | - पान पसल | ५००।- |
| | - डिजिटल कलर ल्याब | १०००।- |
| | - फ्लेक्स, प्रिन्टर सेवा | ५००।- |
| | - अडियो तथा भिडियो क्यासेट सेण्टर | ५००।- |
| | - दुग्धडेरी, दुग्ध चिस्यान, दुग्ध चिस्यान केन्द्र सहकारीको माध्यम | ५००।- |
| | - दुग्धडेरी, दुग्ध चिस्यान, दुग्ध चिस्यान केन्द्र निजी क्षेत्र | १०००।- |
| | - प्लाष्टीक जन्य पसल | ५००।- |
| | - ग्यांस सिलिण्डर विक्रेता | ५००।- |
| | - कोर्ल्ड ड्रिङस् पसल | ५००।- |
| | - उन पसल | ५००।- |
| | - होजियारी उद्योग | ५००।- |
| | - स्टेशनरी पसल | ५००।- |
| | - मिठाई पसल (मिष्ठान भण्डार) | १०००।- |
| | - मःम रेष्टुरां, भोजनालय ठुलो | १०००।- |
| | - कृषि बिउ बिजन भण्डार | ५००।- |
| | - केवल लाइन प्रसारण | ३०००।- |
| | - एफ. एम. रेडियो प्रसारण | १०००।- |
| | - एफ.एम. रेडियो (सामुदायिक) | १०००।- |
| | - पुल हाउस (इस्नुकर) | १०००।- |
| | - ट्रान्सपोर्ट सेवा | १०००।- |
| | - ठेका भाडा पसल, माटाका भाडा पसल | ५००।- |
| | - मादल पसल, डाला नाङला पसल | ५००।- |
| | - सोलार पावर सप्लायर | १०००।- |
| | - खेलौना तथा उपहार सामग्री पसल | ५००।- |
| | - मदिराजन्य पसल | १५००।- |
| | - पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | ५००।- |
| | -पाँच वा सोभन्दा वढि व्यवसाय रहेको प्रा.लि. | २०००।- |
| | - अन्य विभिन्न प्रकारका प्रा.लि. | १०००।- |
| | - मिनरल वाटर उद्योग | १५००।- |
| | - मिनरल वाटर होलसेल पसल | १०००।- |
| | - पाटी प्यालेस | १०००।- |
| | - आल्मुनियम उद्योग | १०००।- |

| | | |
|---|---|---|
| | -घुम्ती व्यवसाय सिरक डसना (पाक्षिक रुपमा) | १५००।- |
| | - अन्य पसल | ५००।- |

नोट : १) उल्लेखित ब्यबसाय नबिकरण गर्दा लाग्ने दस्तुर दर्ता शुल्कको ५० प्रतिशत हुने र पौष मसान्तभित्र नबिकरण गरेमा नबिकरण शुल्कको १० प्रतिशत छुट दिने आ.ब. नाघेमा लाग्ने शुल्कको २५ प्रतिशत थप जरिवाना लिने ।

२) अन्य कार्यालय तथा निकायहरुमा दर्ता भई यस क्षेत्रभित्र पर्ने खानेपानीका मुहानहरुको नबिकरण शुल्क रु.३००। लिने आ.ब.नाघेमा बिलम्भ शुल्क ५ प्रतिशत लिने ।

३) सिंचाई कुलो नहर आदीको नबिकरण शुल्क रु.३०० लिने आ.ब. नाघेमा लाग्ने शुल्कमा ५ प्रतिशत बिलम्भ शुल्क लिने ।

## अनुसूची ३
## विज्ञापन कर

| सि.नं. | विवरण | आ.व. २०७७/७८ का लागि निर्धारित | |
|---|---|---|---|
| | | निजी स्थल | सार्वजनिक स्थल |
| १ | पोखरा बागलुङ राजमार्ग छेउछाउ प्रति वर्ग फिट | २०।- | ५०।- |
| २ | बजार क्षेत्रका शाखा सडकहरुमा प्रति वर्ग फिट | १०।- | २०।- |
| ३ | व्यवसायिक व्यानर प्रति हप्ता | रु.२००.०० | |
| ४ | व्यवसायिक प्रचार प्रसार गाडीबाट माइकिङ प्रतिदिन | रु. २००.०० | |
| ५ | व्यवसायिक प्रचार प्रसार रिक्साबाट माइकिङ | रु.१००.०० | |
| ६ | संघ संस्था पोस्टर | रु. २०.०० प्रति फिट | |
| ७ | ठूला पसल पोस्टर | रु. ३०.०० प्रति फिट | |
| ८ | काठको टिनमा पोस्टर | रु. १०.०० प्रति फिट | |
| ९ | साना पसल पोस्टर | रु. १०.०० प्रति फिट | |

माथि वर्गिकरण गरिए वमोजिम प्रचार वोर्ड राख्न स्विकृति दिंदा वोर्ड राख्न खोजिएको स्थल सार्वजनिक भएमा वा सडक मापदण्ड भित्र पर्ने भएमा सार्वजनिक र सो जग्गा निजी भएमा वा सडक मापदण्ड भित्र नपर्ने भएमा निजी मानी सोहि वमोजिम कर दस्तुर लगाईनेछ साथै स्थानिय व्यवसायीले वनाएको विज्ञापन वोर्डमा कर लिइने छैन ।

## अनुसूची ४
## मनोरञ्जन कर

| सि.न. | मनोरञ्जनका साधन | आ.व. २०७७/७८ को प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| १ | - सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन स्थल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २ प्रतिशत |

| | | |
|---|---|---|
| २ | - जादु सर्कस, चटक आदीमा प्रतिदिन | २००।- |

## अनुसूची ५
## व्यवसायीक भिडियो कर

| सि.नं. | भिडियो | आ.व. २०७७/७८ को प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| १ | - प्रति भिडियो | २००।- |

## अनुसूची ६
## मुल्यांकन सेवा शुल्क

| सि.नं. | मुल्यांकन | आ.व. २०७७/७८ को प्रस्तावित करका दरहरु (रु.) | कैफियत |
|---|---|---|---|
| १ | - सम्पत्ती मुल्यांकन | ०.०५% | मुल्याङ्कित रकमको |
| २ | - आयश्रोत प्रमाणित | ०.०५ % | प्रमाणित रकमको |
| ३ | सम्पत्ति/आयश्रोत प्रमाणित | ०.०१ % | प्रमाणित रकमको |

## अनुसूची ७
## सिफारिस दस्तुर

| सि. नं. | सिफारिसको विवरण | आ.व. २०७६/७७ को करका दरहरु (रु.) |
|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | २०० |
| २ | मोही लगत कट्टा सिफारिस | २०० |
| ३ | विपन्न विधार्थी छात्रवृति सिफारिस | निशूल्क |
| ४ | अपाङ्गता सिफारिस | निशूल्क |
| ५ | घर कायम सिफारिस | ३०० |
| ६ | छात्रवृति सिफारिस | निशूल्क |
| ७ | अस्थाई वसोवास सिफारिस | १०० |
| ८ | स्थायी वसोवास सिफारिस | १०० |
| ९ | नागरिकता प्रतिलिपि सिफारिस | २०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० |

| | | |
|---|---|---|
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्ता प्रमाणित | निशूल्क |
| १३ | बिद्युत जडान सिफारिस | १०० |
| १४ | धारा जडान सिफारिस | १०० |
| १५ | जिवित रेहेको सिफारिस | २०० |
| १६ | दुवै नाम गरेको व्यक्ती एकै हो भन्ने सिफारिस/फरक जन्म मिति संशोधन सिफारिस | २०० |
| १७ | जग्गा मूल्याङकन सिफारिस / प्रमाणित | २०० |
| १८ | व्यवसाय बन्द सिफारिस | १०० |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | १०० |
| २१ | कोर्ट फि मिनाह सिफारिस | नि:शुल्क |
| २२ | नावालक परिचय-पत्र सिफारिस | ३०० |
| २३ | चौपाय सम्वन्धी सिफारिस | १०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | १०० |
| २५ | उद्योग ठाँउसारी सिफारिस | २०० |
| २६ | विद्यालय ठाँउसारी सिफारिस | ५०० |
| २७ | आन्तरिक बसाई सराई सिफारिस | १०० |
| २८ | विद्यालय सञ्चालन स्वीकृती/कक्षा बृद्धि सिफारिस | २०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | १०० |
| ३० | जग्गा दर्तासिफारिस | २०० |
| ३१ | संरक्षक सिफारिस व्यक्तिगत | १०० |
| ३२ | संरक्षक सिफारिस संस्थागत | १०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशूल्क |
| ३४ | जिवित सँगको नाता प्रमाणित | २०० |
| ३५ | मृतक सँगको नाता प्रमाणित | २०० |
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा वस्ने कार्य | २०० |
| ३७ | निशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशूल्क |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | निशूल्क |
| ३९ | संस्था दर्ता/नबिकरण सिफारिस | ३०० |
| ४० | घर वाटो प्रमाणित | ५०० |
| ४१ | चार किल्ला प्रमाणित | ३०० |
| ४२ | जन्म मिति प्रमाणित | १०० |
| ४३ | विवाह प्रमाणित | १०० |
| ४४ | घर पाताल प्रमाणित | २०० |
| ४५ | कागज/मञ्जुरीनामा प्रमाणित | १०० |
| ४६ | हकवाला वा हकदार प्रमाणित | २०० |
| ४७ | अविवाहित प्रमाणित | २०० |

| | | |
|---|---|---|
| ४८ | जग्गा रेखाकनको कार्य/कार्यमा रोहवर | ५०० |
| ४९ | जग्गाधनीपूर्जा हराएको सिफारिस | १०० |
| ५० | पूर्जामा घर कायमसिफारिस | २०० |
| ५१ | अङ्ग्रेजी सिफारिस वा प्रमाणित | ३०० |
| ५२ | मिलापत्र कागज | २०० |
| ५३ | एकिकृत सम्पति कर/घर जग्गा कर | २०० |
| ५४ | वाहाल कर सिफारिस | २०० |
| ५५ | विज्ञापन कर सिफारिस | २०० |
| ५६ | मालपोत वा भूमिकर | २०० |
| ५७ | उजुरी दर्ता | निशूल्क |
| ५८ | नेपाली नागरिकताको प्रमाण पत्र सिफारिस | निशूल्क |
| ५९ | अन्य सिफारिस | ५०० |
| ६० | बन्दुक नबिकरण | १००० |
| ६१ | रुख कटान सिफारिस प्रति रुख | ५० |
| ६२ | नबिकरण सिफारिस (म्याद नाघेकोमा प्रतिवर्ष आधा दस्तुरले थप गर्ने) | |

## अनुसूची ८
## नक्सापास दस्तुर

यस गाउँपालिका क्षेत्र भित्र निर्माण हुने आधुनिक घरहरुको लागि निम्नानुसारको नक्सापास दस्तुर लाग्नेछ।

१. नक्सापास निवेदन फारामको रु ५००।- पाँच सय रुपैया।

२. वेसमेन्ट(ल्पिन्थ एरिया), भुंई तलामा प्रति वर्ग फिट रु ३।- तिन।

३. पहिलो तलामा प्रति वर्ग फिट रु ५।-पाँच।

४. दोस्रो, तेस्रो र चौथो र सो भन्दा माथि तलामा प्रति वर्ग फिट रु ६।- छ।

५. नक्सा नियमितको सन्दर्भमा निवेदन फारामको रु.५००।-, वेसमेन्ट(ल्पिन्थ एरिया), भुंई तलामा प्रति वर्ग फिट रु २।- दुइ। पहिलो तलामा प्रति वर्ग फिट रु ३।-तिन। दोस्रो, तेस्रो र चौथो र सो भन्दा माथि तलामा प्रति वर्ग फिट रु ४।- चार।

६. बजार क्षेत्रमा निर्माण हुने पर्खालको प्रति वर्ग फिट रु. २५पच्चिस पैसा।

७. अस्थायी छाप्रो निर्माण गर्दा अस्थाई नक्सा पेश गर्नु पर्ने साथै ५०० वर्ग फिटसम्मका छाप्रोको लागि निर्माण दस्तुर रु ५००।- पाँच सय लगाउने र ५०० बर्ग फिट भन्दा बढी वर्ग फिट भएका छाप्रोको लागि निर्माण दस्तुर (१०००), एक हजार दरले लिने। कुनै कित्तामा एक भन्दा बढी छाप्रो बनाउनु पर्ने भएमा सबै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ।

८. गाउँपालिका क्षेत्रको ईलाकामा ढुंगा-माटो, वा इट्टा-माटोको जोडाईमा निर्माण हुने घरहरुको हकमा पनि गाउँपालिकाकोअस्थायी निर्माण इजाजत लिनु पर्ने व्यवस्था गरि देहाय बमोजिमको निर्माण दस्तुर लाग्नेछ।

(क) वजार क्षेत्रमा बन्ने घरहरुको रु १०००।- एक हजार ।

(ख) अन्य ग्रामिण सडक किनारामा वन्ने घरहरुको रु ५००।-पाच सय मात्र।

(ग) अन्य क्षेत्रमा बन्ने घरहरुको रु २००।- दुई सय मात्र

## अनुसुची ९

## घर बहाल कर

घर बहाल कर बहाल रकमको १० प्रतिशत लिने र आ.ब.नाघेमा लाग्ने शुल्कमा १५ प्रतिशत थप जरिवाना लिने ।

प्रमाणीकरण मिति : २०७५/०३/१४

आज्ञाले,
किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत